# ३.आयका श्रोतहरु

**१. नेपालमा कुन कुन श्रोतको आयमा कर लाग्दछ ?**

*नेपालमा रोजगारी, व्यवसाय, लगानी र आकस्मिक लाभको श्रोतबाट प्राप्त आयमा कर लाग्दछ । श्रम (labor) को लगानीबाट प्राप्त हुने पारिश्रमिक, ज्याला, भत्ता सुविधा, बोनस, निवृत्तिभरण, उपदान वा रोजगारीका सम्बन्धमा प्राप्त हुने कुनै पनि भुक्तानी रोजगारीबाट भएको आय अन्तर्गत पर्दछ । सक्रिय श्रम, पूंजीको निस्कृय लगानी र उद्यमशीलताको मिश्रणबाट गरिने उद्योग ब्यापार पेशा व्यवसायको श्रोतबाट प्राप्त हुने मुनाफा, लाभ, सेवा शुल्क, मालसामान वा सेवाको विक्रीबाट प्राप्त रकम, व्यवसायसँग सम्बद्ध पूंजीगत लाभ तथा व्यवसायसँग सम्बद्ध भुक्तानीहरु व्यवसायको श्रोतबाट प्राप्त आय मानिन्छ । कुनै पनि प्रकारले पूंजी वा पूंजीगत सम्पत्तिको लगानीबाट प्राप्त हुने लाभांश, ब्याज, रोयल्टी, भाडा, प्राकृतिक श्रोत वापतको भुक्तानी, लगानी विमा वा अवकाश कोषबाट प्राप्त लाभ, पूंजीगत लाभ वा लगानीसँग सम्बन्धित अन्य भुक्तानीहरु लगानीबाट भएको आय अन्तर्गत पर्दछ ।*

**२. के आकस्मिक लाभ (क्यासिनोको जितौरी) मा पनि कर लाग्दछ ?**

*आकस्मिक लाभहरु (जस्तै क्यासिनोको जितौरी, चिट्ठा, पुरस्कार रकम आदि) मा प्राप्त भुक्तानी रकमको २५ प्रतिशतका दरले आयकर लाग्दछ ।*

**३. विदेशमा आर्जन गरेको आयमा नेपालमा कर लाग्दछ कि लाग्दैन ?**

*नेपाली बासिन्दा व्यक्तिको जहाँसुकैको आयमा पनि नेपालमा कर लाग्दछ तसर्थ बासिन्दा व्यक्तिले विदेशमा आर्जन गरेको आयमा पनि नेपालमा कर लाग्दछ । तर, विदेशमा तिरेको कर भने नेपालमा तिर्नु पर्ने करमा (नेपाली करको सरदर दरले हुने गणनामा नबढ्ने गरी) हिसाब मिलान गर्न वा खर्च लेख्न पाइन्छ ।*

नेपालको करको औसत दरलाई निम्नानुसार बुझ्न सकिन्छ :

$$\text{करको औषत दर} = \frac{\text{बिदेशी कर मिलान अघी जम्मा लाग्ने कर}}{\text{करयोग्य आय}} \times १००\%$$

४. **मेरो कुनै रोजगारी पेशा व्यवसाय छैन । कृषिबाट आय आर्जन गर्दछु । मलाई आयकर लाग्दछ कि लाग्दैन ?**

*व्यवसायिक रुपमा कृषिको कारोवार गर्ने फर्म, कम्पनी, साझेदारी तथा संगठित संस्थाहरुले बाहेक अन्य व्यक्तिको कृषि आम्दानीमा कर लाग्दैन ।*

५. **मैले मेरो घर भाडामा लगाई आय आर्जन गर्दछु । अन्य कुनै कारोवार छैन । मलाई आयकर लाग्दछ कि लाग्दैन ?**

*घर भाडामा १० प्रतिशतले आयकर लाग्दछ । यस्तो कर प्राकृतिक व्यक्तिकालगि अन्तिम हुने व्यवस्था छ । बहालमा लगाउने कम्पनीहरुका हकमा भने आय विवरण पेश गरी स्वयंकर निर्धारण गर्नु पर्दछ । ९०*

६. **मैले स्कूल संचालन गरेर हुने आयबाट परिवारको भरणपोषण गरेको छु ? के मलाई कर लाग्दछ ?**

*सामान्यतया कम्पनीको रुपमा संचालित स्कुल बाहेक अरु शिक्षण संस्थाहरु मुनाफाको उद्देश्य नलिई स्थापना गरिएका हुन्छन् र त्यसो भएमा कर छूट हुने संस्थाको रुपमा स्वीकृति लिई विद्यालयको आम्दानी (प्राप्ति Receipts) मा कर नलाग्ने हुन्छ । तर विद्यालय संचालकले, कर छूट हुने संस्थाको रुपमा स्कूल दर्ता गरेको भए पनि पारिश्रमिकका रुपमा नभई मुनाफा/लाभको रुपमा विद्यालयबाट आय आर्जन गरी जीविकोपार्जन गरेको रहेछ भने, संचालकलाई अरु करदाता सरह यस्तो मुनाफा/लाभमा कर लाग्दछ । यसका लागि आय विवरण पेश गरी स्वयंकर निर्धारण गरी कर दाखिला गर्नु पर्दछ । विद्यालय संचालकले प्रधान अध्यापकको रुपमा वा प्रमुख*

*कार्यकारीको रुपमा कुनै पारिश्रमिक लिएको रहेछ भने, त्यस्तो आयमा रोजगारीको आय सरह अग्रिम कर कट्टी गरी राजश्व दाखिला गर्नु पर्दछ ।*